मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ्, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिकाको वैठक संख्या:-५६

आज मिति २०८१/०७/०५ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थिति:-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५. | का.वा.वडा अध्यक्ष | श्री सूर्य वहादुर थापा | |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | |
| १०. | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री कमल वहादुर क्षेत्री | |
| १८. | प्रशासन शाखा प्रमुख | श्री गोपाल व. सेन ओली | |
| १९. | का.स. | श्री हिमा घर्ती | |

आमन्त्रित:
२०. प्रशासन फाँट श्री पवित्रा सत्याल
२१. सु.प्र.अ. श्री जगत बहादुर पौडेल
२२. क.अ. श्री बाबुराम पौडेल
२३. सहयोगी श्री मित्र व० लुइँटेल

प्रस्तावहरुः-

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा ।

२. घमिर सांस्कृतिक कार्यक्रमको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।

३. गाउँपालिका राष्ट्रिय् महासंघलाई सुझाव उपलब्ध गराउने सम्बन्धमा।

४. वडा स्तरमा योजना तथा कार्यक्रम सम्झौता सम्बन्धमा।

५. विपद व्यवस्थापन समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा।

६. स्वास्थ्य चौकीमा विरामी चेकजाँच पूर्जि (ओपिडी कार्ड) छपाइ सम्बन्धमा।

७. मालिका गाउँपालिकाको एक घर, एक धारा खानेपानी ठेक्काको प्राविधिक पक्ष मूल्याङ्कन वापत एकमुष्ट रकम उपलब्ध गराउने सम्बन्धमा ।

८. अपाङ्ग परिचय पत्र वितरण सम्बन्धमा ।

९. मालिका गाउँपालिकाको वडा नं.-१ र २ मा सामाजिक सुरक्षा भत्ता रकम वितरण सम्बन्धमा

१०. प्रथम चौमासिक प्रगति समिक्षा सम्बन्धमा ।

११. प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन सम्बन्धमा।

१२. वडा दशैंको अवसरमा मौलो पूजाको रकम भुक्तानी सम्वन्धमा ।

१३. आ.व.२०८०/०८१ को प्रारम्भिक म.ले.प. प्रतिवेदन सम्बन्धमा ।

१४. सडक वोर्ड नेपालबाट आ.व.२०८१/०८२ मा यस गाउँपालिकाको लागि स्वीकृत वजेट सम्वन्धमा।

१५. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

१६. उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।

१७. सेमी होस्टेल कार्यविधि,२०८० मा संशोधन।

१८. गाउँपालिकाको शिक्षा नियमावली, २०७५ मा संशोधन सम्बन्धमा ।

१९. अनौपचारिक शिक्षा/आजिवन सिकाई कार्यक्रम सञ्चालनका सम्बन्धमा ।

२०. घ वर्गको निर्माण व्यवसाय सञ्चालनका लागि इजाजत पत्र दिने सम्बन्धमा ।

२१. स्वास्थ्य गुणस्तर सुधार कार्यक्रममा विनियोजित रकम सम्बन्धमा ।

२२. पिस पार्कमा रहेको गणेश मन्दिरको बाँकी कार्य निर्माण सम्बन्धमा।

२३. घर भाडामा लिने सम्बन्धमा

२४. खर्च अनुमोदन सम्बन्धमा

बैठकले गरेका निर्णयहरुः-

| सं. | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| | प्रशासन शाखा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखा, सिंहदरवार, काठमान्डौको च.नं.८८, मिति २०८१/०६/१४ गतेको पत्रको व्यहोरा वारे (पार्टीको नाममा रहेको जग्गामा प्रतिस्ठान, शहिद तथा नेताको स्मृति भवन निर्माण) कार्यपालिकाको वैठकमा वाचन गरी प्राप्त सुझावलाई कार्यान्वयन गर्ने निर्णय गरियो |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्जाबाङ, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

CamScanner

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| २. | आर्थिक प्रशासन शाखा | प्रत्येक वर्ष वडा दशैंको शुभ अवसरमा मालिका गाउँपालिकाको वडा नं.-७ घमिरमा आयोजना गरिने वृहत सांस्कृतिक कार्यक्रम सञ्चालनको लागि वडा कार्यालयबाट वडा समितिको निर्णय सहित वडा सचिव श्री उषा श्रीसबाट आर्थिक सहयोग माग भएकोमा सो सम्बन्धमा छलफल गरी रु.२००००/- अक्षेरुपी विस हजारमात्र वडा सचिव मार्फत उपलब्ध गराउने निर्णय गरियो। |
| ३. | राजश्व शाखा | गाउँपालिका राष्ट्रिय महासंघ नेपालको च.नं.-४१,मिति २०८१/०६/२० को पत्रानुसार प्राकृतिक श्रोतको परिचालनबाट प्राप्त रोयल्टी तीन तहका सरकारबीच बाँडफाँडका लागि भएका व्यवस्थालाई पुनरावलोकन गर्ने सम्बन्धी राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सूचना अनुसार स्थानीय सरकारलाई हाल उपलब्ध गराउँदै आएको प्राकृतिक रोयल्टीको हिस्सा ३० प्रतिशत पुराउदा न्यायोचित हुने सम्बन्धी राय लेखि पठाउने निर्णय गरियो । |
| ४. | योजना शाखा | चालु आ.ब. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्वीकृत भएका वडागत सिलिङ्गका कार्यक्रमहरुको वडास्थलमा सम्झौता गर्ने प्रयोजनार्थ पहिलो लट २०८१ मंसिर २० गते पश्चात सुरु गर्ने निर्णय गरियो। |
| . | विपद शाखा | गाउँपालिका स्तरिय विपद व्यवस्थापन समितिको मिति २०८१/०७/०५ गतेका दिन वसेको वैठकले गरेका निर्णयहरुको सम्बन्धमा छलफल गरी विपद प्रभावितहरुलाई आर्थिक सहायता वापतको रकम उपलब्ध गराउनुको साथै विपदबाट प्रभावित तपसिलका मो.बा.हरु मर्मत संभारमा भएको प्राविधिक मूल्याङ्कन अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो।<br>तपसिलः-<br>१.रानीवारी राहालेबोट मो.बा. ग्रावेल विछ्याउने कार्य रु.९७,६०६/३३<br>२.अर्खावाङ्ग गंगरे सडक खन्डको महभिर खण्डको बाटो मर्मत संभार कार्य रु.२९,३६०/७२<br>३.घिउखोला चिसापानी निरचौर मो.बा. मर्मत रु.७६,८६०/९५<br>४.सिलादी घमिर अर्खावाङ्ग सडक मर्मत रु.४२४४४/-<br>५.महभिर पहिरोको क्षति न्यूनिकरण कार्यमा रु.२८०५६/- |
| . | स्वास्थ्य शाखा | मालिका गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य चौकीहरुमा विरामीको लागि आवश्यक ओ.पि.डि. कार्ड सकिएको र छपाइको लागि छुट्टै रकम विनियोजन नभएको कारण गाउँपालिकाको मसलन्द खर्च शिर्षकबाट भुक्तानी गर्ने गरी २०,०००/- प्रति छपाइ गर्ने निर्णय गरियो। |

CamScanner

| | | |
|---|---|---|
| १२ | प्रशासन शाखा | वडा दशै २०८१ को पावन अवसरमा यस गाउँपालिकाका विभिन्न वडाहरुमा सुरक्षा प्रदान गरिरहेका तपसिलका प्रहरी चौकीहरुमा तपसिल अनुसारको मौलो पूजा वापतको रकम उपलब्ध गराउने निर्णय गरियो।<br>तपसिलः-<br>प्रहरी चौकी अर्खावाङ्ग रु.१०,०००/-<br>प्रहरी चौकी सिमलटारी रु.१०,०००/-<br>प्रहरी चौकी इस्मा रु.१०,०००/-<br>प्रहरी चौकी पौदिअमराइ रु.१०,०००/-<br>इलाका प्रहरी कार्यालय पूर्कोट रु.१५,०००/-<br>नगर प्रहरी गाउँपालिका रु.४७०००/- |
| १३. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको आ.ब.२०८०/०८१ को मलेपको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा छलफल गरी मलेप प्रतिवेदनले औल्याएका विभिन्न शिर्षकहरुमा प्रमाण पेश नभएको भनि उल्लेख भएको सम्बन्धमा छलफल गरी सम्वन्धित शाखा प्रमुखहरुलाई तत्काल अपुग कागजात खोजेर आर्थिक प्रशासन शाखामा उपलब्ध गराउने निर्णय गरियो।<br><br>साथै प्रारम्भिक प्रतिवेदनको वुदा नं.३८.२ र ५१ मा उल्लेखित विवरण अनुसारको रकम क्रमश रु.१,५१,९०२/- र रु.१,८७,०५८/- गरी जम्मा रु.३,३८,९६०/- अक्षेरुपी तीन लाख, अठतिस हजार, नौसय साठी रुपैयाँमात्र गाउँपालिकाको कन्टेन्जेन्सी कोषबाट संघीय संचित कोषमा फिर्ता गर्ने निर्णय गरियो। |
| १४. | योजना शाखा | चालु आ.व.२०८१/०८२ मा यस गाउँपालिकाको लागि सडक बोर्ड नेपालबाट रु.२७,००,०००/- (सत्ताइस लाख) वजेट रकम स्वीकृत भएको र सोको कार्यान्वयन सम्वन्धमा छलफल गरी सडक वोर्ड नियमावली,२०६० को परिच्छेद ३ को नियम ९ बमोजिम स्थानीय तहले समपुरक कोष वापत व्यहोर्नुपर्ने रकम व्यहोर्ने र उक्त रकमबाट मर्मत संभारका लागि तपसिलका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो।<br>१. हरिसिङ्गे काउने ठाँटी मो.बा. मर्मत मालिका-६ अर्जै गुल्मी<br>२. छापहिले सैरपोखरा सडक मर्मत मालिका-५ छापहिले गुल्मी<br>३. अर्चिङ्ग काहाले मो.बा. मर्मत मालिका-७ घमिर गुल्मी |
| १५. | प्रशासन शाखा | मदाने गाउँपालिका वडा नं.६ पूर्कोटदह निवासी श्री कर्ण बहादुर खत्री क्षेत्रीको आर्थिक सहायता सम्वन्धी निवेदन बमोजिम गाउँपालिका अध्यक्ष श्री देविराम अर्याल ज्यूको तोकादेश अनुसार रु.२०,०००/- उपलब्ध गराउने भन्ने भएको हुँदा उक्त |

CS CamScanner

| | | |
|---|---|---|
| | | तोकादेश बमोजिमको आर्थिक सहायता निवेदकलाई उपलब्ध गराउने सम्बन्धमा निर्णय पारित गरियो। |
| ६. | प्रशासन शाखा | मदाने गाउँपालिका वडा नं.-१ अग्लुङ्ग निवासी लोक कलाकार श्री रामचन्द्र चन्द गुल्मी कलाकार समाजको द्वितीय उपाध्यक्षमा रहि कामकाज गर्दै आएको, निजले लोक गीत संगितको क्षेत्रमा उल्लेख्य योगदान गरेको र निज हिप जोयन्टमा आएको समस्या र आर्थिक अभावमा सो को उपचार गर्न नसकि अपाङ्ग भई उपचारको लागि निवेदन पेश गरेको हुँदा निजको उपचारको लागि रु.३०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो। |
| ७. | शिक्षा शाखा | गाउँपालिकाको शिक्षा शाखाबाट सेमी होस्टेल कार्यविधि,२०८० मा संशोधन गर्नुपर्ने भनि पेश हुन आएकोले उक्त संशोधन गर्नु पर्ने विषयका सम्बन्धमा छलफल गरी उक्त कार्यविधिमा भएका केही विषयहरु समयानुकुल संशोधन गर्नुपर्ने आवश्यकता देखिएको हुँदा सेमी होस्टेल कार्यविधि,२०८० संशोधन गर्ने निर्णय गरियो। |
| ८. | शिक्षा शाखा | गाउँपालिकाको शिक्षा शाखाबाट मालिका गाउँपालिकाको शिक्षा नियमावली, २०७५ मा संशोधन गर्नुपर्ने भनि पेश हुन आएकोले उक्त संशोधन गर्नु पर्ने विषयका सम्बन्धमा छलफल गरी शिक्षा शाखाबाट पेश हुन आएको विषय समय सान्दर्भिक देखिन आएकोले गाउँपालिकाको शिक्षा नियमावली,२०७५ संशोधन गर्ने निर्णय गरियो। |
| ९. | शिक्षा शाखा | मालिका गाउँपालिकाको शिक्षा शाखाबाट चालु आ.ब.२०८१/०८२ मा लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा/आजिवन सिकाई कार्यक्रम सञ्चालनका सम्बन्धमा छलफल गरी यस गाउँपालिकाका सवै वडाहरुमा उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो। |
| १०. | व्यवसाय दर्ता शाखा | पाल्पा जिल्ला वगनासकाली गाउँपालिका -९ निवासी श्री धन वहादुर रानाले यस कार्यालयमा मालिका गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी दर्ता सम्बन्धी कार्यविधि, २०७९ (प्रथम संशोधन सहित) को दफा २ को १ अनुसार अनुसूची १ तयार गरी आवश्यक कागजात सहित निर्माण कार्य गर्नको लागि लुमिना विल्डर्स एन्ड सप्लायर्स (मालिका-७ गुल्मीमा कार्यालय रहने गरी) दर्ता गरी इजाजत पत्र पाउँ भनि निवेदन दिइएकोमा व्यवसाय दर्ता शाखाबाट आवश्यक कागजात सहित उक्त निर्माण व्यवसाय दर्ताका लागि सवै प्रकृया पुरा भएको भनि राय सहित पेश हुन आएकोले उक्त निर्माण व्यवसायी यस गाउँपालिकामा दर्ता गरी इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो। |

CamScanner

| | | |
|---|---|---|
| २१. | स्वास्थ्य शाखा | चालु आ.ब.२०८१/०८२ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) बाट यस गाउँपालिकाको लागि स्वास्थ्य गुणस्तर सुधार कार्यक्रममा रु.८० लाख रकम विनियोजन भई प्राप्त भएकोमा उक्त रकमबाट तपसिलका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो।<br>तपसिलः-<br>१.कुमालगाउँ अर्जैवेशी सामुदायिक स्वास्थ्य इकाइ केन्द्रको भवन निर्माण<br>२.कुमालगाउँ अर्जैवेशी सामुदायिक स्वास्थ्य इकाइ केन्द्रको भवन निर्माणका लागि डिजाइन तथा लागत अनुमान तयार गर्ने( कन्टेन्जेन्सी रकमबाट) |
| २२. | प्राविधिक शाखा | मालिका गाउँपालिकाको प्रमुख पर्यटकिय क्षेत्र पिस पार्कमा निर्माण गरिएको गणेश मन्दिरको बाँकी निर्माण कार्यको लागि हिउँद अधिवेशन/सभाबाट रकम विनियोजन गर्ने गरि हाललाई कोटेशन विधिबाट कार्य प्रकृया अगाडी बढाउने सम्बन्धमा निर्णय गरि सो कार्यको लागि योजना शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| २३. | प्रशासन शाखा | यस गाउँपालिकामा कार्यरत प्रशासन तथा जिन्सी शाखामा कार्यरत कर्मचारीहरुको कार्य जिम्मेवारी बढी भएको, इन्सेन्टिभ तथा ओ.टी. वापत कामकाज गरेको रकम भुक्तानी दिन नसकिएको र निजहरुलाई राहत स्वरुप मालिका गाउँपालिका वडा नं.-४ निवासी श्री खिम बहादुर घर्तीको पक्की घरको २ वटा कोठा प्रति महिना प्रति कोठा २०००/- दरले ६ महिनाको लागि भाडामा लिने र भाडा रकम गाउँपालिकाले भुक्तानी गर्ने सम्बन्धमा निर्णय गरियो। |
| २४ | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको चालु आ.ब.२०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न कार्यक्रम अन्तरगत विभिन्न शिर्षकबाट २०८१ असोज मसान्त सम्ममा भएको कूल भुक्तानी रकम रु.१,४१,०९,९४२/- अनुमोदन गर्ने निर्णय गरियो। |